म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४१ सोमबार १८ पुस २०७९ नै. सं. ११४३ पोहेलाथ्व 2 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडामा 'हुकुट स्टोर्स' सञ्चालनमा

हेटौंडा, १७ पुस/हेटौंडामा अनलाइन बिजनेशले विस्तारै गति लिंदै गइरहेको छ । अनलाइन सपिङको प्रभावकारिता बढेसँगै हेटौंडामा अनलाइनबाट सेवा प्रदान गर्ने निकायहरु सञ्चालनमा आइरहेका छन् । अनलाईनमार्फत विभिन्न इलेक्ट्रोनिक सामानहरु बिक्री गर्दै आइरहेको हुकुट स्टोर्सले पनि हेटौंडामा आफ्नो सेवा शुभारम्भ गरेको छ । काठमाडौं बानेश्वरमा २ वर्षदेखि हुकुट स्टोर्स सञ्चालन गर्दै आएका सफल अधिकारीले हेटौंडा ४ अजरअम्मर रोडमा हेटौंडा शाखा स्थापना गर्दै आफ्नो सेवा विस्तार गरेका छन् । आइतबार एक कार्यक्रमका बीच उनले र सिग्मा कम्प्लेक्सका सञ्चालक हरि प्रसाद चौलागाईले संयुक्त रुपमा हेटौंडा शाखाको सेवा सञ्चालन शुभारम्भ गरेका हुन् । हुकुट स्टोर्सले मोबाईल, ल्यापटप, ड्रोन, क्यामेरा तथा अन्य इलेक्ट्रोनिक सामानहरु बिक्री गर्दै आइरहेको छ । उक्त सामान हेटौंडा लेआउटबाट बिक्री गरिनुका साथै अनलाईनबाट पनि बिक्री वितरण गरिने सञ्चालक अधिकारीले जानकारी दिए । काठमाडौंपछि हेटौंडामा सञ्चालनमा ल्याइएको भन्दै आगामी दिनमा देशका ठूला सहरहरुमा पनि सेवा सञ्चालन गर्ने उद्देश्य रहेको अधिकारीले बताए ।

बैंकविरुद्ध सडकमा उत्रिए उद्योगी व्यवसायी, चरणबद्ध आन्दोलनको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/बैंकहरुको चर्को ब्याजदरविरुद्ध हेटौंडाका सबै उद्योगी र व्यवसायीहरु सडकमा उत्रिएका छन् । आइतबार व्यवसायीहरुले सडकमा विरोध प्रदर्शन गरेका छन् ।

हेटौंडाका औद्योगिक तथा व्यवसायिक संघ संस्थाहरुले बैंकहरुको चर्को ब्याजदर, नेपाल राष्ट्र बैंकको चालु पूँजी कर्जा मार्गदर्शन २०७९ का कारण आर्थिक संकट बढेको भन्दै सच्याउन माग गर्दै विरोध प्रदर्शन गरेका छन् । देशको अर्थतन्त्रको असहज परिस्थितिले गर्दा देशभरका विभिन्न क्षेत्रका उद्योगी तथा व्यवसायीहरु मर्कामा परिरहेको अवस्थामा बैंकहरुले चर्को ब्याजदर लिएर ढाड सेक्ने काम गरेको र राष्ट्र बैंकको चालु पूँजी कर्जा मार्गदर्शनले थप पीडा दिएको व्यवसायीहरुको गुनासो छ । चालु पूँजी कर्जा सम्बन्धी राष्ट्र बैंकको प्राथधानले उद्योगी व्यवसायीलाई हतोत्साही बनाएको उनीहरुको गुनासो छ ।

बैंकको चर्को ब्याज र निर्देशिकाका कारण पूँजी बजार ओरालो लागेको, पूँजीगत खर्च हुन नसकेको, रोजगारीको अवसर सृजना हुन नसकेको दावी देशभरका उद्योगी व्यवसायीहरुले गरेका छन् । उद्योगी व्यवसायीको परिस्थिति प्रतिकूल र असहज बन्दै गइरहेको अवस्थामा संरक्षण गर्नुपर्ने दायित्व बोकेका सरकार, नेपाल राष्ट्र बैंकलगायतका निकायले वेवास्ता गरेको उनीहरुको गुनासो छ । उद्योग व्यपार पूर्ण क्षमतामा सञ्चालन हुन सकेको परि स्थतिलाई सरकार र राष्ट्र बैंकले गम्भिर तवरबाट मनन गनुपर्ने उद्योग व्यवसायीको माग छ । चालु पूँजी कर्जा सम्बन्धी मार्गदर्शन २०७९ लागु गरेर झन जटिलता र अन्यौलता थपिदिएको उनीहरुको आरोप छ ।

मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा उद्योग संघ मकवानपुर, नारायणी यातायात व्यवसायी संघ, निर्माण व्यवसायी संघ, होटल एसोसिएसनलगायत मउवा संघमा आवद्ध सबै वस्तुगत संघहरुले संयुक्त विरोध प्रदर्शन गरेका हुन् । उनीहरुले पत्रकार सम्मेलन गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । मागहरु सम्बोधन नभएमा चरणबद्ध आन्दोलन थाल्ने चेतावनीसमेत दिइएको छ । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले उद्योगी र व्यवसायीहरु बैंकको चर्को ब्याजदरले ढाक सेकिको र बैंकले दिएको दबावकोविरुद्ध आन्दोलनमा जानु परेको बताए । विगतमा कोरोना महामारी र हाल उत्पन्न आर्थिक संकटका कारण धेरै व्यवसायी पलायनको स्थितिमा रहेको र केही व्यवसायीहरु मानसिक तनावमा बस्नु परेको अग्रवालले बताए । मुलुकको अर्थतन्त्रमा योगदान गर्ने उद्योगी र व्यवसायीहरुको समस्या नसुनेको भन्दै उनले दुःख लागेको बताए ।

अध्यक्ष अग्रवालले बैंकको ब्याजदर नियन्त्रण गरी एकल अकंको हुनुपर्ने, अर्थतन्त्र सामान्य अवस्थामा नपुगुन्जेल चालू पूजी कर्जा सम्बन्धि मार्गदर्शन-२०७९ कार्यान्वयन नगर्ने, पूँजीगत खर्च बढाई बजारमा तरलता प्रवाह गर्नुपर्ने मागहरु राखेका छन् ।

आन्दोलनरत् संघ संस्थाहरुले आइतबार प्रमुख जिल्ला अधिकारीमार्फत अर्थमन्त्री तथा राष्ट्र बैंकका गर्भनरलाई ज्ञापन पत्र बुझाउने, आज सोमबार पाँचवटै संघमा आवद्ध व्यवसायीहरुले ब्यानर राखी विरोध गर्ने, १९ गते मंगलबार आम व्यवसायीहरुले कालो पट्टी बंधिर विरोध जनाउने र २० गते मागहरु सम्बोधन नभएको खण्डमा चरणबद्ध आन्दोलन गर्ने कार्यक्रमहरु सार्वजानिक गरिएको छ ।

उद्योग संघका अध्यक्ष स्वागतराज प्याकुरेल, नारायणी यातायातका अध्यक्ष हिरालाल श्रेष्ठ, होटल एसोसिएसनका अध्यक्ष दिलिश गोविन्द जोशी, वस्तुगत संघ समन्वय समितिका संयोजक राजु अधिकारी लगायतले आन्दोलनमा ऐक्यबद्धता जनाउँदै उद्योगी र व्यवसायीहरुको समस्या तत्काल समाधान गर्नुपर्ने माग राखेका छन् । उद्योग संघ भने विगतदेखि नै आन्दोलनरत् छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले मनोमानी ढंगले जग्गाको भाडा बढाएको भन्दै उद्योगीहरु आन्दोलन गरिरहेका छन् ।

आइतबार मकवानपुर उद्योग वाणिज्य संघबाट निस्किएको सयौंको संख्यामा रहेका व्यवसायीहरुको ऱ्याली मुख्य बजार परिक्रमा गरी जिल्ला प्रशासन कार्यालयमा पुगेको थियो । प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेमार्फत आन्दोलनरत् मकवानपुरका उद्योगी तथा व्यवसायीहरुले नेपाल सरकारका अर्थमन्त्री र नेपाल राष्ट्र बैंकका गर्भनरलाई ज्ञापन पत्र बुझाएका हुन् । व्यवसायीहरुले विभिन्न मागसहितका नारा लगाउँदै हेटौंडाको बुद्धचोक, स्कुलरोड हुँदै परिजातपथ, हरिकुञ्जरोडबाट मानसचोक हुँदै जिल्ला प्रशासन कार्यालय मकवानपुर पुगेर पाण्डेलाई ज्ञापन पत्र बुझाइएको थियो ।

बागमतीका भूमिहीनले पाए लालपुर्जा

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाले आफ्ना गाउँबासीलाई लालपुर्जा वितरण गरेको छ । जिल्लाका १० स्थानीय तहमध्ये गाउँबासीलाई भटाभट लालपुर्जा दिने गाउँपालिका बागमती बनेको छ ।

अन्य स्थानीय तहहरुले जग्गा नापजाँचको कामसमेत नसकेको अवस्थामा बागमती गाउँपालिकाले भने आइतबार ३० जना भूमिहीनलाई लालपुर्जा वितरण गरेको हो ।

गाउँपालिका कार्यालयमा आयोजित विशेष कार्यक्रमका अबसरमा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री तथा प्रदेशसभा सदस्य कुमारी मोक्तान, प्रदेश योजना आयोग सदस्य प्रल्हाद लामिछाने, प्रदेश सांसद प्रेमबहादुर पुलामी, राष्ट्रिय भुमि आयोग मकवानपुरका अध्यक्ष विष्णु प्रसाद दाहाल, गाउँपालिका अध्यक्ष सर्केश घलानले सामूहिक रुपमा लालपुर्जा वितरण गरेका हुन् ।

बागमतीको वडा नम्बर ४ का २८ जना र ५ नम्बर वडाका २ जना गरी ३० जना भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले यसअघि चैत २०७७ सालमा ३ जनालाई लालपुर्जा वितरण गरेको थियो ।

हालसम्म बागमतीका ३३ जनाले पुर्जा पाएको गाउँपालिका अध्यक्ष घलानले जानकारी दिए । मन्त्री मोक्तानले हिजो जनताकै अधिकारका लागि लडेर आएकाले नै फलस्वरुप जनताले अहिले हातहातमा पुर्जा पाउन सफल भएको दाबी गरेकी छन् । सांसद पुलामीले घरघरमा सिंहदबार भन्ने नाराले आज पूर्णता पाएको बताएका छन् ।

गाउँपालिका अध्यक्ष घलानले पालिकाका १० हजार भूमिहिन, सुकुम्बासीहरुलाई पुर्जा वितरण गर्न बाँकी रहेको बताए । उनले ५ हजार पुर्जा तयारी अवस्थामा रहेको बताए । उनले प्राथमिकताका साथ लालपुर्जा वितरणलाई गाउँपालिकाले निरन्तरता दिने बताए । देशैभर भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण भएको जिल्लामा मकवानपुर र चितवन छन् ।

भीमफेदीमा पिकअप दुर्घटना हुँदा एक जनाको मृत्यु, ८ घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/भीमफेदी गाउँपालिका-२, स्थित भैंसेमा पिकअप गाडी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परी ९ जना घाइते भएका थिए ।

घाइते भएका ९ जना मध्ये १ जनाको मृत्यु भएको छ । बाँकी घाइते ८ जनाको हेटौंडास्थित अस्तालमा उपचार गरिएको थियो । दुर्घटना कालिप्रसाद गण आर्मी ब्यारेक नजिकै आइतबार बिहान करिब १० बजेको समयमा भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बिभुवन राजपथअन्तर्गत आँपचौर नजिक थाहा नगरको दामनतर्फ जाँदै गरेको ना ४ च ९४५ नम्बरको पिकअप भ्यान आफै अनियन्त्रित भई नालीमा दुर्घटना भएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

दुर्घटनामा परेर बारा बिश्रामपुर गाउँपालिमा-३ बस्ने अन्दाजी २० बर्षीय राहुल कुमार पण्डितको मृत्यु भएको हो । दुर्घटनामा घाइते उनको उपचारको क्रममा हेटौंडा अस्पताल मृत्यु भएको डिएसपी कार्कीले जानकारी दिए । दुर्घटनामा चालक सहित ८ जना घाइते भएका छन् । सामान्य घाइते भएका सवारी चालक फरार रहेका छन् । अस्पताल तर्फ जान्छु भनेर हिँडेका सवारी चालक फरार रहेको डिएसपी कार्कीले बताए ।

घाइते हुनेमा भारत झारखण्ड बस्ने ३६ वर्षीय बिजय दास, पर्सा बिरगंज महानगरपालिका-१७ बस्ने १८ बर्षीया सुमित गुप्ता, पर्सा बौदरमाई नगरपालिका-५ बस्ने २६ वर्षीय दिनानाथ प्रसाद, सोही स्थान बस्ने २८ को उमेस कुशवाह, बारा बिश्रामपुर गाउँपालिका-३ मुसरहवा बस्ने १८ वर्षीय सिबजी साह, सोही स्थान बस्ने १८ वर्षीय धिरज चौरसिया, १७ वर्षीय पप्पुकुमार गुप्ता र २७ वर्षीय अजय चौरसिया रहेका छन् ।

हेटौंडा राष्ट्रिय भेट्रान्स फुटबलको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/हेटौंडामा भोली मंगलबार १९ पुसदेखि हुन लागेको आठौं राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ ।

हेटौंडा भेट्रान्स क्लबको आयोजनामा पुस १९ गतेबाट २३ गतेसम्म हेटौंडा-५, पिप्लेस्थित क्याम्पापिप्ले रंगशालामा प्रतियोगिता गर्न लागिएको क्लबका महासचिव कविन सांगामीले जानकारी दिए । उनका अनुसार प्रतियोगिताको तयारी पूरा भइसकेको छ ।

सांगामीले प्रतियोगितामा १७ वटा टिमले सहभागिता जनाउने पक्कापक्की भएको बताए । गण्डकी प्रदेशका पूर्वखेलकुद मन्त्री राजिव गुरुङ उर्फ दिपक मनाङ्गेको टिम एमएमसी काठमाडौं पनि प्रतियोगितामा सहभागी हुने महासचिव सांगामीले जनाए । गुरुङले केही दिनअघि पोखरा रंगशालामा गण्डकी-११ बाट स्पेनिस क्लबसँग मैत्रीपूर्ण खेल खेलेका थिए ।

आयोजकले प्रतियोगितामा करिब २० वटा टोलीको सहभागिता रहने अपेक्षा गरेको थियो । मकवानपुर, चितवन, वीरगञ्ज, बारा, नवलपरासी, पोखरा, काठमाडौं र विराटनगरका क्लबहरु सहभागी हुने सांगामीले जानकारी दिए । आयोजकले भारत र बंगलादेशबाट पनि क्लब ल्याउन भूमिका खेलेको थियो । प्रतियोगितामा पूर्वराष्ट्रिय खेलाडीहरुसमेत सहभागी हुने जनाइएको छ । प्रतियोगिताको विजेताले नगद १ लाख ११ हजार, उपविजेताले ५५ हजार ५ सय रुपैयाँ प्राप्त गर्ने आयोजक क्लबले जनाएको छ ।

प्रतियोगितामा म्यान अफ दी सिरिजलाई १५ हजार, उत्कृष्ट प्रशिक्षक, गोलकिपर, डिफेन्डर, मिडफिल्डर र फर वार्डलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ ।

आयोजक क्लब अध्यक्ष रमेशकुमार उप्रेतीका अनुसार प्रतियोगितामा करिब १४ लाख ९६ हजार रुपैयाँ खर्च अनुमान गरिएको छ । प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिका, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, रोटरी क्लब, जेसीज, लायन्स क्लब तथा विभिन्न संघसंस्थाबाट सहयोग प्राप्त हुने अध्यक्ष उप्रेतीले जानकारी दिए ।

नवजीवन ज्योति क्लबमा नयाँ नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित पुरानो क्लब नवजीवन त्योति क्लब १८ वर्षपछि ब्यूँतिएको छ ।

१८ वर्षअघि स्थापना भई विगतमा निष्क्रिय रहेको क्लबको विशेष साधारणसभा बोलाएर नयाँ कार्यसमिति गठन गरेसँगै क्लबले पुर्नजीवन पाएको हो । चौघडामा भएको विशेष साधारणसभाले ६ नम्बर वडाका पूर्ववडा सदस्य राजकुमार बास्तोलाको नेतृत्वमा नयाँ समिति गठन गरेका छ । समितिको सदस्यहरुमा जनकराज शर्मा, बुद्धरत्न मानन्धर, राजकुमार फुयाँल, शोभा घिमिरे, हरेराम राई, ईश्वर राना मगर, राजकुमार श्रेष्ठ, सुर्दशन थापा, दीपक सापकोटा, राजेश पौडेल र पदेन सदस्यमा श्रीराम पुडासैनी रहेका छन । कुनैबेला प्लाष्टिकविरुद्धको सुईरो अभियान चलाएर यस क्लबले राष्ट्रिय स्तरको पुरस्कारसमेत पाएको थियो । हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम क्लबका अध्यक्ष श्रीराम पुडासैनीको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा क्लबका पूर्वअध्यक्षहरु विजयकुमार श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, श्याम प्रसाद श्रेष्ठ, पूर्वसचिव उज्वल चौलागाईलगायतको उपस्थिति थियो । नवनिर्वाचित अध्यक्ष बास्तोलाले राष्ट्रिय स्तरमा चिनारी बोकेको यस क्लबमार्फत अब ६ नम्बर वडामा विभिन्न गतिविधि गरी युवा लक्षित तथा सामाजिक कार्य गरी अगाडि बढ्दाइने बताए । नवनिर्वाचित अध्यक्ष बास्तोलाले एक वर्षभित्र चौघडामा क्लबको भवन बनाउने प्रतिवद्धता व्यक्त गरे ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ परिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगान हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगानखेल ठिंगान हुँदै हेटौंडा सम्म

सम्पर्क:

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

साझाकुरा

हाम्रो कुरा

महिलामाथि मानसिक हिंसा डरलाग्दो अवस्था

पछिल्लो समय महिला हिंसाको स्वरुपमा परिवर्तन हुँदै गएको छ । महिलामाथि शारीरिक हिंसाको रुपमा कुटपिटका घटनाहरु धेरै आउने गरेकोमा अहिले मानसिक हिंसाका घटनाहरु हुवात्तै बढेको पाईएको छ । प्रहरीसम्म आइपुग्ने उजुरीमा अहिले कुटपिट दश प्रतिशतको हाराहारीमा मात्रै देखिएको छ । प्रहरीमा दर्ता हुने उजुरीमध्ये मानसिक हिंसाका घटनाहरु ९० प्रतिशत बढी देखिएको हो । चालु आर्थिक वर्षमा कुल दुईसय ४६ वटा हिंसासम्बन्धी उजुरी परेकोमा एकसय ५९ वटा मिलापत्रमा टुंगिएको पाइएको छ । जसमध्ये एकसय ५६ वटा मानसिक यातनासम्बन्धी रहेको पाइएको छ । लालनपालन नगर्ने, पत्नीलाई वास्ता नगर्ने, औषधी उपचार नगरिदिने, घरमा बस्न नदिने, आयआर्जन हुने काम गर्न नदिने, विवाह दर्ता नगरिदिने, नागरिकता नबनाइदिने जस्ता मानसिक यातना दिने गरेको उजुरी बढी आएको प्रहरी तथ्याङ्क छ ।

पतिपत्नीको झगडा परालको आगो भन्ने उखान प्रचलित थियो । तर, अहिले महिलामाथि हुने गरेको हिंसाका घटना परालको आगो नभएर भुसमा सल्किएको आगोको रुपमा देखिएको छ । परालको आगो एकैछिन लाग्छ र निभ्छ तर, भुसको आगो बाहिर त्यति देखिँदैन भित्रभित्रै खरानी भइसकेको हुन्छ । यसैगरी समाजमा पतिपत्नीबीचको सम्बन्ध त्यस्तै हुँदै जाँदा भविष्यमा समाज कता जाला भन्ने चिन्ताको विषय थपिएको छ । पछिल्लो समय बढेको मोबाइलमा इन्टरनेटको पहुँचबाट परस्त्री वा परपुरुषसंग बढ्ने सम्बन्ध यसको मुख्य कारणको रुपमा देखिएको छ । परस्त्री वा परपुरुषसंगको सम्बन्धले परिवारको पतिपत्नीबीचको मायामा आउने कमीका कारण सुस्तरी मानसिक हिंसाको रुपमा परिणत भएको हुन्छ ।

कुटपिटका घटनामा पतिपत्नीबीच मिलापत्र हुँदा भविष्यमा थप हिंसा हुने सम्भावना कम हुन्छ तर, मानसिक तनावमा मिलापत्र त हुन्छ तर, त्यसले मन शान्त हुने र ढुक्कले बस्ने वातावरण बन्दैन, जसका कारण बालबालिकाहरुमा पनि त्यसको नकारात्मक असर परेको हुन्छ । विवाह दर्ता र नागरिकताको समस्याका कारण त्यस्ता दम्पतिबाट जायजन्म भएका बालबालिकाको जन्मदर्ता र नागरिकतासमेत बनाउन समस्या हुन्छ । त्यसैले भएको ३५ दिनभित्र घटना दर्ताको काम गर्नुपर्छ । र, मानसिक यातनाको दर घटाउन जनचेतना जगाउने कार्यलाई तीव्रता दिनुपर्दछ ।

ओली-प्रचण्ड नाटकीय पुनर्मिलनको हदम्याद

डम्बर खतिवडा

यतिखेर सामाजिक सञ्जालमा दुई भिडियो क्लिप भाइरल छन्। एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र माओवादी अध्यक्ष तथा नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का । यी दुवै क्लिप उनीहरूले चुनाव अघि बोलेका सत्य र स्वीकारोक्तिका जीवन्त प्रमाण हुन् ।

भिडियोमा ओली भन्छन् 'प्रचण्ड प्रधानमन्त्री बनाउनै नहुने मान्छे हुन् । किन बनाउने प्रचण्डलाई प्रधानमन्त्री, देश र जनतालाई दुःख दिन ?' अनि प्रचण्डको अभिव्यक्ति छ- 'ओलीले प्रधानमन्त्री नै दिन्छन् भने पनि यो गठबन्धन तोडेर प्रधानमन्त्री हुन जान्नँ ।'

आजको स्थिति के छ, जगजाहेरै छ । ओलीले तिनै प्रचण्डलाई प्रधानमन्त्री बनाएका छन्, जसलाई प्रधानमन्त्री बनाउन् देश र जनतालाई दुःख दिनु हो भन्ने ओलीको बुझाइ थियो । अर्थात् ओली 'देश र जनतालाई दुःख दिन' राजी भएका छन् । अर्कोतिर प्रचण्ड आफ्ना भनाइ र प्रतिबद्धता विपरित गठबन्धन तोडेर ओलीको निगाहमा प्रधानमन्त्री बान पाउँदा उत्साहित र गौरवान्वित देखिएका छन् ।

त्यसो त यो देशका नेताले वचनको गरिमा कहिले पो कायम गरेका थिए र ! उहिले उहिले बरु 'ज्यान जाओस्, वचन नजाओस्' यही देश र समाजको उखान थियो । आज होइन जस्तो लाग्छ । उपभोक्तावाद र अवसरवादले सर्वसाधारणलाई मात्रै हैन, निकै ठूला र "मै हुँ" भन्नेहरूलाई पनि आकण्ठ डुबाएको छ । नेताबाट वचन पालना र गरिमाको खोजी गर्ने नै बेवकुफ हुने अवस्था छ ।

करिब तीन वर्षपछि ओली-प्रचण्ड पुनर्मिलनको नाटकीय परिदृश्य अनौठो भन्दा बढी अश्लील जस्तो लाग्छ । तीन वर्षमा सबै प्रकारका घम्साघम्सी, गालीगलौज, आरोप-प्रत्यारोप, भन्नु-नभन्नु मुखको तीतो सकाएर पुनर्मिलन तीन मिनेटमा सम्भव भयो, त्यो पनि बालकोटको बार्दलीमा ।'बालकोटको बार्दली' प्रारम्भमा परिहासको विषय थियो, अब एक बिम्ब भइसक्यो । ओली-प्रचण्ड पुनर्मिलनको मधुमासका लागि कुनै गोप्य शयनकक्षको आवश्यकता नै परेन । बालकोटको बार्दलीमै दुनियाँका सामु खुल्लमखुल्ला त्यो काम फत्ते गरियो र दुनियाँ हेरेको हेर्‍यै भयो ।

राजनीति मानवीय मनोवृत्तिहरूकै एक खेल हो । आखिर राजनीति मान्छेकै संसारमा हुन्छ, पशुजगतमा हैन । कुनैबेला 'चित्तवृत्ति' को भिन्नता र तिनीहरूबीचको संघर्षले सृष्टिको गति वा सामाजिक नियति निर्धारण गर्ने विश्वास गरिन्थ्यो । आज "मनोवृत्ति" को एकरूपताले 'चित्तवृत्ति' को भिन्नतालाई औचित्यहीन साबित गरिदिएको छ । राजनीतिमा मात्रै हैन, सामान्य मानवीय जीवनमा पनि अब "डिभोर्सी" हरूको पुनर्विवाह कुनै अनौठो कुरा रहेन न त अश्लील नै ।

त्यस्तै एकजोडीको कथा केही समयअघि मलाई एक मित्रले सुनाएका थिए । छोरा-छोरी वयस्क भए बिहे गर्ने उमेरमा एक दम्पतीको डिभोर्स भयो । जुन पुरुषको आडमा महिलाले दुई दशक बढी दाम्पत्य बिताएको लोग्नेसँग पारपाचुके गरिन्, त्यो प्रचण्डका लागि देउवाभन्दा बढी धोकेबाज र विश्वासघाती निस्कियो । ती लोग्नेले आफ्नी पूर्वपत्नीको त्यो स्थिति र मनोदशा बुझे, कुनै ढिला नगरिकन फिर्ता गरे । साथीभाइले सोधेछन्, 'अर्कोले हाकाहाक्की लगेकी पत्नी यति छिटै कसरी फिर्ता ल्याउन सक्यौ ? अप्ठ्यारो लागेन ।' उनको उत्तर बडो साहसिक र वस्तुवादी थियो- 'जे भए पनि मेरा सन्तानकी आमा हो यार ' मैले चाहिं को अर्की कुमारी भेट्छु र ?'

कमरेड ओली र कमरेड प्रचण्डको नाटकीय पुनर्मिलनको कथाभित्र यसभन्दा कुनै भिन्न व्यथा छ जस्तो लाग्दैन । 'जे भए पनि कमरेड हो यार, कांग्रेसले खानुभन्दा कम्युनिष्टले नै खाओस्, नत्र एमालेको भागमा चाहिं के बाँकी रहन्छन् र ?' भन्ने भाव र मनोदशा नै कमरेड ओलीको मनोदशा हो भन्ने कुरामा कुनै शंका गर्नुपर्छ जस्तो लाग्दैन ।

संसदीय प्रणालीमा निर्णायक हुने गणितको खेलले दुवैका राजनीतिक विकल्पलाई सीमित गरिदिएको मात्रै हैन, कुनै न कुनै यस्तै नाटक गर्न अनिवार्य बनाइदिएको थियो । गणित हावी भएको राजनीतिमा के नैतिकता, के अनैतिकता, के श्लील, के अश्लील, के नाटक, के नौटंकी ? हिजो कहाँ कसले, के भन्यो, कसले सम्झिरहोस् !

'नाटक/नौटंकी' शब्द कमरेड ओली र प्रचण्डले नेकपा (नेकपा) कार्यकालमै सर्वाधिक लोकप्रिय र चर्चित बनाइसकेकै थिए । आजको यथार्थ पनि फेरि "नाटकै हो, नौटंकी नै हो' भन्न नसकिने हैन, तर यो नाटक वा नौटंकीको कहाँदिखि कहाँसम्म रिहर्सल हो र कुन चाहिं भाग साँचो जनप्रदर्शनका लागि गरिएको मञ्चन हो, त्यो अझै सजिलै छुट्टिने खालको छैन ।

एउटा भनाइ छ- 'भिखारी कहिल्यै टाट पल्टिँदैन । टाट पल्टिन बाँकी केही हुनु पऱ्यो नि ! बरु उद्यमशील मानिस टाट पल्टिएर आत्महत्या गरेका उदाहरण संसारमा धेरै छन् तर मगन्तेले भीख नपाएर आत्महत्या गरेको समाचार आजसम्म कुनै अखबारले छापेको छैन । बालुवाटारले नदिएको भीख बालकोटको बार्दलीले दिन्छ भन्ने आत्मविश्वास नभएको भए कमरेड प्रचण्ड राष्ट्रपति विद्यादेवी भण्डारीले जारी गरेको आइतबार साँझ ५ बजेसम्मको फर्मानको एक घण्टा अघिसम्मै देउवालाई दङ्ग्याई बस्ने थिएनन् । नभन्दै, भयो त्यस्तै । कमरेड ओली बडो उदारमना भिक्षाद्दाता साबित भए ।

यो माओवादी र कमरेड प्रचण्डको 'तेस्रो पार्टी' को कटौरो पनि बडो अनौठो छ । जता पनि 'प्रधानमन्त्री माग्न' मिल्छ । कहिले यता, कहिले उता । फेरि यसलाई "डाइलेटिवस र डाइनामिक लिडरसिप" को अमूर्त मिथ र भाथ्यसँग जोडिदिए सबै अवसरवाद छोपिने नै भयो । माओवादीको दुर्भाग्य नै यही हो कि यो सधैं एक आन्दोलन रह्यो कहिल्यै पार्टी बन्न सकेन । पार्टी बनाउने आँट, साहस, सौर्य, सीप र धैर्य नै यो धार र स्कुलिङका नेता-कार्यकर्तामा कहिल्यै रहेन । तसर्थ यो आन्दोलन 'संयुक्त जनमोचदिखि संयुक्त जनमोर्चासम्म' को नियति भोग्न बाध्य भयो । जनविद्रोहमा जानुअघि २०४८ को आम चुनावमै यो धार संयुक्त जनमोर्चाको नाममा चुनाव लडेको थियो र ९ सीट जितेर संसदको तेस्रो ठूलो दल बनेको थियो । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा जनविद्रोहको 'राप ताप र प्रकाश' भनौं वा 'आश, त्रास र बतास' ले एकपटकलाई पहिलो भयो । त्यसपछि फेरि तेस्रोको तेस्रै । अब त झन्झन् ओरालो लाग्दो तेस्रो हुँदैछ तर, "प्रधानमन्त्री खाने" कमरेड प्रचण्डको रहर भने २०६४ सालको पहिलो संविधानसभा निर्वाचनपश्चात् भन्दा बढी हुँदै गएको छ ।

माओवादीले अब आफ्नै ठूलो र बहुमत ल्याउने, सरकार बनाउने र देश चलाउने, देशलाई कुनै क्रान्ति, रूपान्तरण वा सकारात्मक बदलाव दिने पार्टी बनाउन र चलाउन सक्दैन भन्ने कुरा अब जनता र मतदाताले मात्रै हैन, स्वयं माओवादीका नेता र कार्यकर्ताले पनि बुझिसके । यदि यो साहस र आत्मविश्वास, यस्तो जाँगर र इच्छाशक्ति, कल्पनाशीलता र धैर्य बाँकी रहेको भए नाथे एउटा प्रधानमन्त्री पदका लागि यति धेरै तड्पिन जरूरी थिएन । अझ माओवादी विचार, सिद्धान्तको त चरित्र नै हैन यो । माओवादीहरूको विश्व चरित्र हेर्दा बरु हारेका छन्, तर आत्मसमर्पण गरेका वा पदका लागि यति मरिहत्ते गरेर दौडिएका उदाहरण छैनन् । सन् १९४९ मा माओले चीनको सत्ता लडेरै जितेका थिए । भारतका चारु मजुमदार हिरासतमा मारिए र पेरुका गोञ्जालो जेलमै बिते । कम्बोडियाका पोलपोट सत्ताबाट अपदस्त भएपछि निर्जन जंगलको झुपडीमा बाँकी जीवन बिताएर बिते । त्यो ठीक थियो कि बेठीक, राम्रो वा नराम्रो त्यो अर्कै कुरा, तर कुनै विचार र निष्ठामा साँचो फदयले प्रतिबद्ध मान्छे त्यति ढुलमुले, अवसरवादी र पिपलपाते भने अवश्य हुँदैन ।

कमरेड प्रचण्ड व्यक्तित्वको सबैभन्दा ठूलो विरोधाभास नै यही हो कि एकातिर माओवाद र जनविद्रोहको विरासत मोह छ अर्कोतिर संसदीय संख्याको खेलमा बाजी मार्नु पनि छ । त्यो पनि आफ्नै ठूलो, बलियो, बहुमत ल्याउने वा लार्जेस्ट हुने पार्टी बनाएर हैन, 'तेस्रो पार्टी' को कटौरा बोकी कहिले बुढानीलकण्ठ र कहिले बालकोट दौडिएर । प्रचण्डको यो बाध्यता र मनोदशालाई ओलीले नबुझ्ने कुरै भएन ।

त्यति ठूलो आन्दोलन, त्याग संघर्ष र बलिदानका बावजुद माओवादीको आफ्नै बलियो, ठूलो पार्टी किन बनेन ? उनीहरूले जनता र मतदातालाई दोष दिन सक्लान् तर, त्यो सत्य हैन । पार्टी बनाउन त यो देशमा डा. देवेन्द्रराज पाण्डे जस्ता ज्ञानी, विद्वान, सुजन र आदर्श व्यक्ति पनि असफल भएकै हुनु, जसमा कुनै लोभ, लालच, दाग र कलंक थिएन । तर, माओवादीहरूको र डा. देवेन्द्रराज पाण्डेको पार्टी नबन्नुको कारण त एउटै पक्कै हैन ।

पाण्डेको पार्टी नबन्नुमा स्वयं पाण्डेभन्दा बढी बाह्य परिस्थिति जिम्मेवार थियो, माओवादीको बलियो पार्टी नबन्नु र बनेको पनि खस्किँदै जानुमा अरूभन्दा बढी स्वयं माओवादी जिम्मेवार छन् । माओवादीले उत्तरआधुनिक युगको चेतना, ज्ञान, विज्ञान, मनोविज्ञान, सीप, व्यवस्थापन क्षमता र लोकतान्त्रिक चरित्र भएको पार्टी बनाउने तत्परता र धैर्य नै कहिल्यै राखेनन् । पार्टी निर्माणका 'रिक्वारमेन्ट्स' र माओवादी चरित्रबीच गहिरो दूरी देखियो । फलत: कुनै बेला माओ, चाउ, चारु र गोञ्जालोको समकक्षमा राखेर चर्चा गरिने कमरेड प्रचण्ड प्रकारान्तरले २०५० को दशकको लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाजस्तो देखिन पुगे ।

यो केवल माओवादी र कमरेड प्रचण्डका लागि मात्रै हैन, माओवादी आन्दोलनको फरक बैठान र परिणामको अपेक्षा गर्ने शुभेच्छुकहरूका लागि समेत एक त्रासद यथार्थ हो । फरक वैचारिक धारबाटै किन नहोस्, देशमा एउटा त कोही 'क्रान्तिकारी नेता' जन्मिएला भन्ने आशा गर्नेहरूलाई पनि झुम्रोको पुतली जस्तै तेस्रो पार्टीको कटौरामा प्रधानमन्त्रीको भीख माग्दै हिंड्ने प्रचण्ड पटक्कै मन परेको छैन ।

कमरेड ओलीको पाटोबाट हेर्दा यो नाटक/नौटंकीको परिदृश्य फरक देखिन्छ । अध्यक्ष ओलीले कमरेड प्रचण्डलाई झुकाएका हुन्, झुलाएका हुन्, क्षमादान दिएका हुन्, स्वार्थको अर्को सौदाबाजी गरेका हुन् वा करिब तीन वर्षअघिको पारपाचुके बिर्सेर "आफ्नै सन्तान कि आमा त हो यार!' भन्दै फिर्ता गरेका हुन्, अस्पष्ट छ ।

एमालेवृत्तको कुरा बुझ्दा स्थिति अझै नाटकीय छ । प्रचण्ड देउवा सहकार्य जारी रहँदा एमालेले पाँच वर्ष सबै पदबाट हात धुनुपर्ने स्थितिलाई दृष्टिगत गरी ओलीले "ट्रिक'' गरेका हुन् । राष्ट्रपति, सभामुख जस्ता ठूला पदको चुनाव र ती पदको प्राप्तिपछि ओलीले रणनीति फेर्न सक्दछन् । ओली त्यति कम इखालु मान्छे हैनन् कि प्रचण्डलाई सजिलै क्षमादान गरून् । ओलीले बालकोटको बार्दलीबाट 'भिक्षादान' गरेकै हुन्, तर 'क्षमादान' पनि गरेका हुन् भन्ने पुष्टि छैन । तसर्थ ओली-प्रचण्ड पुनर्मिलनको हदम्यादबारे यसै भन्न सकिन्न ।

कम्युनिष्ट गुटहरूको झगडा, अविश्वास, खिचातानी, वैमनस्य र प्रतिरोध सबैका लागि सर्वाधिक अरुचिको विषय हो । तर, उत्तिकै ठूलो दुर्भाग्य हो कि देश आज यही अरुचिकर भोजन कोची-कोची ग्रहण गर्न बाध्य छ । यो देशमा कम्युनिष्टहरूको कुरा कम्युनिष्टहरूको मात्रै चासो र सरोकारको विषयमा सीमित भइदिएन । यदि त्यसो हुन्थ्यो त उनीहरू जेजे गर्थे, गर्दै गर्थे, अरूले चुपचाप आफ्नो बाटो समाल्ने अवसर पाउँथे । तर, स्थिति यस्तो छ कि उनीहरूको चरित्रले नै देशको राजनीतिक चरित्र निर्धारण होला भन्ने भय छ । जस्ता कम्युनिष्ट, त्यस्तै देशका दल, त्यस्तै देशको राजनीतिक संस्कृति, त्यस्तै लोकतन्त्र र शासन-प्रशासनको गुणस्तर बन्देला भन्ने भयले पनि उनीहरूको चर्चा गर्नु नै पर्ने भयो ।

अन्त्यमा यति धेरै कम्युनिष्ट चर्चा बीच कांग्रेस र देउवाको किन कुरै आएन भन्ने गुनासो पक्का रहला । देउवा त्यो स्तरमा चर्चा पर्ने पात्र बाँकी रहे र अब ? देउवाले प्रचण्डलाई धोका दिए वा दिएनन् भन्ने कुरा आफैंमा झिनोमसिनो विषय हो । मुख्य कुरा त उनले देशको 'लोकतन्त्र र सुशासन' लाई कति धेरै धोका दिए भन्ने हो ।

जुन लोभले उनले 'निर्वाचन पूर्वको गठबन्धन' गरेका थिए, त्यो नै लोकतन्त्रलाई संकुचन गर्ने एक भट्टा सिन्डिकेटतन्त्र थियो, जसले लोकतन्त्रको उत्सव साबित हुनुपर्ने आम चुनावलाई बकवास जस्तो बनाइदियो । त्यसले कांग्रेसमा केही प्रत्यक्ष सीट बढ्यो होला, तर प्रकारान्तरले लोकतान्त्रिक चुनाव भागबन्डाको शिकार भयो । स्वयं कांग्रेसको जनमत संकुचन भयो । अन्तत: जे लोभले उनले त्यो गरेको त्यो पनि हातबाट उम्कियो । 'लोभले लाभ, लाभले विलाप' भने जस्तो भयो ।

लोकतन्त्रमा 'निर्वाचन पूर्वको गठबन्धन' र 'निर्वाचनपश्चाताको गठबन्धन' बीच तात्विक भिन्नता हुन्छ वा हुनुपर्दछ । यदि दलहरू जोसुकैसँग मिलेर सरकार बनाउन वा नबनाउन स्वतन्त्र छन् भन्ने मानक स्थापित गर्ने हो भने 'निर्वाचनपूर्वको गठबन्धन' कसैले गर्नुहुँदैन, सबै एक्लाएक्लै चुनावको मैदानमा आउने साहस हुनुपर्दछ । 'निर्वाचनपूर्वको गठबन्धन' गरेको हो भने चुनावलगतै दलहरू स्वतन्त्र हुँदैनन् । चुनावमा बनाएको भन्दा तुरुन्तै फरक गठबन्धनको सरकार बनाउने राजनीतिक तथा नैतिक अधिकार उनीहरूमा हुँदैन । त्यो जनादेशको सिद्धान्त विपरीत हुन्छ । यदि यो मानकबाट हेर्ने हो भने 'देउवाले दिएको धोका' भन्दा कमरेड प्रचण्डले देखाएको अवसरवाद र ओलीले खेल्न खोजेको "ट्रिक एण्ड ट्याक्टिस" लोकतन्त्रका लागि कम खतरनाक भने अवश्य हैन ।*साभार: अनलाइनखबर*

प्रश्नहरुको चाङबीच पल्टिएको पात्रो

मिताली भारद्वाज

'विगत भोगाइ' र 'आगत आकांक्षा'को सम्मिश्रणले वर्तमान सहज बन्न सकोस् प्रत्येक वर्षहरू कैयन् प्रश्नले भरिएका हुन्छन्। कतिपय सामान्य प्रश्नको जवाफ हामी तत्काले पाइहाल्छौं । तर कयौं प्रश्नहरू यस्ता हुन्छन् जसको जवाफका लागि उपर्युक्त समयलाई कुर्नैपर्ने हुन्छ। मेरा लागि यस्ता थुप्रै वर्षहरू रहे, जहाँ म अनेकन प्रश्नहरूले घेरिएँ। आफैंलाई चित्तबुझ्दो जवाफ भेट्न नसकिएका कयौं प्रश्नहरूका चाङ लागेका छन्, मेरा मनमाथि।

अघिल्लो वर्ष ममा प्रश्नहरूको घेराइ सम्भवत: उच्चतम विन्दुमा रह्यो। स्वअस्तित्व, जीवन, मृत्यु, दर्शन, उत्साह, निराशा जस्ता कैयन् अनन्त प्रश्नहरूले म थप भरिएँ। वास्तवमै भन्दा गत वर्ष मेरा लागि विगतका अनुभवहरू उधिनेर खोज गर्ने वर्ष बन्यो। धेरैहदसम्म मैले अनुभवका ती अनगिन्ति पानाहरू पल्टाउँदै खोज गर्ने प्रयत्न गरें।

सफलताको परिभाषा

सफलता के हो? के सफलता निरपेक्ष हुन्छ ? यिनै प्रश्नहरूको फरक बुझाई र मान्यताले सायद हाम्रो सफलताको मापन गरिरहेको हुन्छ। भनौं, हरेकको सफलताको आ-आफ्नै मापनको आधार छ। त्यसैको आधारमा उसले जीवनको सफलताको परिभाषा निर्माण गरिरहेको हुन्छ। तर यो यथार्थ विपरीत हाम्रो समाजले सफलताको सस्तो परिभाषा तय गरिदिएको छ। जसलाई सामाजिक जीवनका अनेकन अवयवहरूमा उल्झिएको आममानिस विश्वास गर्न बाध्य भएको हुन्छ! र, जीवनभर सफलताको त्यही आमपरिभाषालाई पछ्याइरहेको हुन्छ।हामी सर्तहरूमा, टुक्राहरूमा खुसीको आशा गरिरहेका हुन्छौं। जस्तै: म यो परीक्षा उत्तिर्ण भएमा मेरो जीवन सहज हुनेछ। मैले त्यो जागीर पाएमा मेरो जीवनशैली उन्नत हुनेछ। अर्थात्, सुख र सन्तुष्टिलाई हामीले टुक्रे अवधारणाकारूपमा बुझेका छौं, बाँडेका छौं।

खुसी हाम्रो अन्तर्यबाटै किन आउँदैन? कसैको खुसी किन बाहिरी संसारमा निर्भर र हन्छ ? जीवनजगतबारे मनमा प्रश्नहरू खेल्न थालेदेखि नै मैले यसको उत्तर पछ्याइरहेकी छु। भेट्टाई नै नहाल्नुँला, तर जति नजिक पुग्छु त्यहीं र त्यति नै त्यो मेरा लागि चित्तबुझ्दो जवाफ हुनेछ। वास्तवमा हाम्रो जिउने आधार के हो? यस्ता प्रश्नहरूको कुनै निश्चित जवाफ तत्कालै प्राप्त गर्न सकिँदैन। र, सायद यस्तो अपेक्षा गर्नु पनि हुँदैन। तर वर्षौंदेखि थाँति रहेका मेरा जिज्ञासाहरूबारे गत वर्षले केही जवाफ र अनुभूति दिलाएको पक्कै छ। अनि केही अनुभूति आफैंमा जवाफ बनेरै आएका छन्।

प्राय: दिनहरूको अन्त्य आशाको एउटा किरणको प्रतिक्षामा हुने गर्छ। त्यही आशाको किरण प्राप्तिको चाहमै सायद मेरा दिनहरू पनि खप्टिँदै गइरहेका छन्। मेरा जिज्ञासा र प्राप्त जवाफ, विचार र निचोडसँगै आशाको तृष्णामा गम्दै गर्दा मैले जीवनमा हासिल गरेका केही सिकाइहरूको फेहरिस्त बनेको छ। जुन सिकाइहरूले मेरा लागि आफ्नै मूल्य-मान्यता समेत बनाइदिएका छन्। र, तिनले मेरा लागि मार्गनिर्दिष्ट पनि गरेका छन्_। मेरा सिकाइहरू, अनुभूतिहरू र तिनले मेरा हकमा स्थापित गरेका केही परिणामहरू छन्। जसलाई मैले जीवन दर्शन बनाएको छु र आत्मसात गरेको छु। एउटा निश्चित उमेरपछि हामी जीवनलाई एक रेखीय समीकरणका रूपमा देख्दैनौं। हामी जीवनका बहुआयामिक पक्षबारे जानकार भइसकेका हुन्छौं। र, जीवनको गति सधैंभरी समान हुन सक्दैन भन्नेमा हामी प्रष्ट हुन्छौं।हाम्रा मनमा पलाएका आकांक्षाहरूलाई अरूको मनमा उस्तैगरी सार्ने भन्ने निश्चित हुँदैन। हामी कसैलाई पनि आफूलाई छानिदियोस् भनेर बाध्य बनाउन सक्दैनौं। कोही पनि प्रत्यक्ष वा परोक्षरूपमा हाम्रो समिपमा आउँछु भने उसको संवेदनाले उसलाई डोर्याएर ल्याएको हुन्छ।

बाफूलाई व्यक्त गर्नुहु

अवसाद (डिप्रेसन) भनेको धमिराजस्तै हो। यसले मानिसलाई सनैसनै शून्य बनाइदिन्छ। कुनै त्यस्तो समय सम्झनुस् त, जब 'म बाँच्नै सक्दिन' भन्ने सोच्नुहुन्थ्यो, तर तपाईंले जीउने प्रयास छाड्नुभएन र आज हुनुहुन्छ। यदि यस्तो हो भने तपाईं साँच्चै नै नायक हो। मलाई लाग्छ, जीवनमा हामी कसैसँग एकपटका लागि विश्वास गर्छौं, माया गर्छौं। दोस्रोपटक गरिने त सम्झौता हो।हरेक भावनाहरूलाई शब्दमा उतार्नु जरुरी हुँदैन। स्वयम् र अरूलाई पनि भावनाहरू लाद्ने काम गर्नु हुँदैन।

कहिलेकाहीँ मौनतामात्र पनि हुन्छ। र, यो सुन्दर छ।हामी कसैका लागि पनि जीवन सहज छैन। हामीमध्ये कतिपयका लागि कुनैबेला वैकल्पिक बाटो नै हुँदैन। त्यसबेला हाम्रो क्षमताको दायराबारे पनि प्रश्न उठ्छन्। तपाईको क्षमताबार ` कसैले प्रश्न गर्छ भने आफैंलाई सम्झाउनुहोस् कि तपाईं एउटा कलाको टुक्रा हो।जीवनमा हुने हरेक गतिविधिका पछाडि आफ्नै कारण छ । हामीले भोगेका दुखहरूको पनि आफ्नै महत्व हुन्छ । सबैभन्दा कठीन परिस्थितिहरूबाट पार लगाउन हामीलाई चाहिने भनेकै जीवनमा भोगेका दुखहरू नै हुन्। लगाव एउटा लत हो। जसले आफूलाई गाँज्दै गरेको तपाईं देख्नुहुन्न। यसले तपाईंलाई विस्तारै मार्दै जान्छ। त्यसैले कसैसँग पनि लगाव राख्न बन्द गर्नुहोस्।तपाईं जे सोच्नुहुन्छ, व्यक्त गर्नुहोस् । तपाई सोच्न र विचार बिनाको मानिस कठपुतलीझैं हुन्छन् । जता घुमायो उतै घुम्ने, जे देखायो त्यही देख्ने! मलाई लाग्छ प्रत्येक मानिसको आफ्नै विचार हुनुपर्छ । कुनै पनि विषयमा तत्कालै विचार वा धारणा बनाउन चाहिँ बन्द गर्नुपर्छ। जीवन अन्तत: आफू र आफूप्रतिको दृष्टिकोणले नै डोर्याउने हो।जीवन विल्कुल अनिश्चित छ। तपाईंले अहिले बुन्नुभएका योजनाका गुच्छाहरू तपाईंले सोचेकोभन्दा ठ्यावकै विपरीत हुन सक्छन्।

नयाँ पामोलैंकैका अपेला

प्रेम र ज्ञान मेरा आधार हुन्। यिनमा बेइमानी गर्ने कुरा म सोच्न पनि सक्दिनँ।मैले आफूभित्रको उदारपनालाई जहिल्यै ज्यूँदो राख्नेछु। मेरो उदारता कसैका लागि मेरो कमजोरी देशाउने बहाना हुन सक्छ। तर मेरा लागि भने उदारता नै प्रमुख शक्ति हो। रुनु नराम्रो हुँदै होइन। मलाई प्राय रुन मन लागिरहन्छ। र, रुन्छु पनि।महिला हुनु मेरा लागि सबैभन्दा ठूलो शक्ति हो।मेरो तौलसँगै मेरो अनुहारमा दागहरु दिनदिनै बढिरहेका छन् । यो कतिपयका लागि चिन्ताको विषय हुनसक्ला । तर, मेरा लागि फगत शार ीरिक परिवर्तन बाहेक अरु केही पनि होइन। म मेरो बाल्यकालको पीडाबारे लेख्ने प्रयास गरिर हेको छु। जसमा स-सानदेखि गम्भीर विषयसम्म छन्। लेखन मेरा लागि दु:खको भूमरीबाट टाढिने एउटा प्रभावकारी विकल्प हो ।

(साचभार: सेतोपाटी)

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १९ गते मंगलबार ३ जनवरी २०२३ । द्वादशी पौस शुक्लपक्ष। पोहेलाय्य ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:१९ ।

आजको राशिफल

मेष	: कार्य सिद्धिमा विलम्ब	तुला	: व्यवसायमा विवाद
वृष	: परिवारमा कलह	वृश्चिक	: मानसिक अशान्ति
मिथुन	: यात्रामा बाधा	धनु	: कार्यमा ढिलाइ
कर्कट	: काममा सफलता हात पर्ने	मकर	: मांगलिक कार्य सम्पादन
सिंह	: अपजस पाइने	कुम्भ	: उपचारमा खर्च बढ्ने
कन्या	: बौद्धिक कार्यमा वाधा	मीन	: मानमर्यादाको वृद्धि

पोखराले तत्काल तिर्न सक्दैन चीनको महंगो ऋण

काठमाडौं/आइतबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अब निजगढमा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रक्रिया थाल्ने संकल्प गरे ।

प्रधानमन्त्रीले चौथो अन्तर्राष्ट्रिय विमानस्थल बनाइछाड्ने बताइरहँदा गत २ जेठ २०७९मा भैरहवामा उद्घाटन भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय वायुसेवा विहीन हुँदै घाटामा सञ्चालित छ ।

अब राष्ट्रिय गौरवकै आयोजनाका रुपमा बनेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि सञ्चालनमा आएको छ । यो बेला धेरैको मनमा उठेको प्रश्न छ, 'पोखराको सुविधासम्पन्न नयाँ विमानस्थलको हालत पनि भैरहवाको गौतमबुद्ध विमानस्थलको जस्तै हुन्छ कि ?'

तथ्यमा हेर्ने हो भने भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलका केही समानताहरु छन् । यी दुबै विमानस्थल स्थानीय क्षेत्रमा आउने पर्यटकहरुलाई लक्षित गरेर बनेका हुन् ।

तर, यी दुबै विमानस्थल बनाउँदाको लाभबारे 'भाषणबाजी' भएपनि पर्याप्त अध्ययन र गफकार्य भएको थिएन । पोखरामा नयाँ विमानस्थल बनाउन अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले २०२६ मा गरेको संक्षिप्त अध्ययनका अधारमा २०३२ सालमै जग्गा अधिग्रहण गरेर राखिएको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका एक अधिकारीका अनुसार काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुको चाप उत्कर्षमा पुग्दा आवश्यकता, औचित्य र व्यवसायिक सम्भाव्यताको अध्ययनभन्दा बढी अन्तर्राष्ट्रिय विमानस्थल बनाउने राजनीतिक इच्छाशक्तिले भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेका हुन् ।

'समानान्तर २ रन-वे सहितको ठूलो अन्तर्राष्ट्रिय विमानस्थल नबनाई त्रिभुवन विमानस्थलको चाप अन्यत्र सार्न नसकिने बुझेका प्राविधिज्ञले पोखरामा अन्तर्राष्ट्रिय उडान गराउने राजनीतिज्ञको चाहनालाई सदर गरे', उनी भन्छन्, 'उनीहरुले आन्तरिक सेवामा रहेका

विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सकिने त बताए, तर यस्ता आयोजनालाई ऋणको पासोबाट मुक्त राख्न के गर्न सकिन्छ भने बताएनन्, न राजनीतिक नेतृत्वले सोच्यो ।'

'पर्यटकको संख्या बढ्दै जान्छ र विदेशबाट सोझै पर्यटक पोखरा झर्छन्' भन्ने ढंगबाट मात्रै सोचेर पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाइएको भन्दै ती अधिकारीले यसको नतिजा केही समयमै देशले भोग्नुपर्ने उनको भनाइ छ ।

'विमानस्थल बनाउनु अघि रिट्रेपानीको डाँडाले उडान-अवतरण प्रभावित गर्छ र यसका कारण पोखराका साहसिक पर्यटकीय गतिविधिहरु विस्थापित नै हुन्छन् भन्नेसम्म थाहा थिएन', उनी भन्छन्, 'प्राविधिक रुपमा कति कमजोर तयारी थियो भन्ने यसबाटै पुष्टि हुन्छ ।'

चर्का ब्याजको ऋण

आफ्नो स्रोतबाट बनाउन नसकिने निष्कर्ष निकल्दै गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशी लगानीको खोजी भएको थियो । त्यसैकारण यी दुबै विमानस्थल विदेशी ऋण लगानीमा बन्न पुगे ।

भैरहवा विमानस्थलका लागि एसियाली विकास बैंकले ६ अर्बभन्दा बढी ऋण १ प्रतिशत भन्दा कम ब्याजदरमा प्रदान गरेको थियो । तर, पोखराको ऋणको तथ्य भने फरक र डरलाग्दो छ, सरकारले पोखराका लागि २०३२ सालमा अधिग्रहण गरेको जग्गा अपुग हुने भएपछि करिब थप ८ अर्ब रुपैयाँ आफ्नै स्रोतबाट मात्रै खर्चिएन, निर्माणका लागचीनको आयात-निर्यात (एक्जिम) बैंकबाट २८ अर्ब ५३ करोड रुपैयाँ (२१६ करोड डलर) लगानी ल्याउने गरी सम्झौता गऱ्यो । त्यसमध्ये २५ प्रतिशत रकम ७ अर्ब १३ करोड रुपैयाँ (५४ मिलियन डलर) मा ब्याज नलाग्ने गरी सम्झौता भएको छ । तर, यो ब्याज नलाग्ने ऋणको साँवा भने किस्ताबन्दीमा तिर्नुपर्छ । यस्तै ७५ प्रतिशत अर्थात् २१ अर्ब ४० करोड (१६२ मिलियन डलर) मा भने २ प्रतिशत ब्याज तिर्नुपर्छ । सँगै त्यसको साँवा पनि तालिका अनुसार तिर्दै जानुपर्छ ।

सुरुमा विमानस्थलका लागि चीन १.५ प्रतिशत ब्याजदरमा ऋण दिन तयार भएको थियो । तर, यसपछि आफ्नो अन्तर्राष्ट्रिय ऋणको ब्याजदर सम्बन्धी नीति परिवर्तन भएको कारण देखाएर चीनले २ प्रतिशत ब्याज लिने गरी सम्झौता गरेको थियो । यसले गर्दा पनि यो ऋण 'आत्मघाती' हुनसक्ने भन्दै विगतदेखि नै आलोचना हुँदै आएको छ । सम्झौता अनुसार उड्डयन प्राधिकरणले पोखरा विमानस्थल सञ्चालन भएको वर्ष अर्थात् यसैपालिदेखि नै सरकारलाई ऋणको किस्ता बुझाउन सुरु गर्नुपर्छ । यस्तो साँवा र ब्याजसहितको किस्ता रकम तिर्न मात्रै नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा विमानस्थलबाट वार्षिक औसत डेढ अर्बभन्दा बढी आम्दानी गर्न सक्नुपर्छ ।

सम्झौता हुँदा सुरुमा कुल २२ अर्ब रुपैयाँ बराबर मात्रै रहेको ऋण अहिले बढ्दै २८ अर्ब नाघेको छ भने ब्याज तिनुपर्ने ऋणको हिस्सा नै २२ अर्ब नाघेको छ । सरकारले सबै किस्ता तिर्दासम्म अमेरिकी डलरको भाउ बढ्दा थप वित्तीय भार बोक्नुपर्ने अवस्था छ ।

यस्तो महंगो ऋणमा बनेको परियोजनाले प्रतिफल नदिएमा सरकारका लागि आयोजना उपलब्धीविहीन हुनसक्छ । किनकी यो विमानस्थलमा ठूला क्षमता वाइडबडी विमानहरुले उडान गर्न सक्दैनन् । भौगोलिक तथा प्रविधिक कारण सानो विमानहरुको उडान पनि पोखराका लागि कम जोखिमर हित छैन । यसले गर्दा विदेशी वायुसेवा कम्पनीले पोखरा रोज्नेमा अधिकारीहरू विश्वस्त छैनन् ।

सञ्चालन खर्च पनि उठाउन गाह्रो

भैरहवाजस्तो सहज र ठूला विमानसमेत अवतरण गर्न सकिने गरी बनाएको विमानस्थल चल्न समेत नसकिंरहँदा पोखराले अन्तर्राष्ट्रिय उडान आकर्षित गर्दै ऋणको किस्ता व्यवस्थापन गरेर सञ्चालन खर्च उठाउला त ?

नेपाल नागरिक उड्डयन प्राधिरकणका पूर्वमहानिर्देशक सञ्जीव गौतम तत्काल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले सञ्चालन खर्च उठाएर किस्ता तिर्न सक्ने अवस्थामा पुग्ने देख्दैनन् ।'पोखरा नेपालको पर्यटकीय नगर हो, त्यहाँ एयरबस ३१९ र एयरबस ३२० जस्ता विमानहरु जान सक्छन्', उनी भन्छन्, 'यदि पोखरा आउने पर्यटकलाई तान्न सकियो भने यो एयरपोर्ट राम्रै चल्छ ।'

यसले पोखराको आर्थिक विकासमा सहयोग पुग्ने उनको भनाइ छ । अहिलेसम्मको पोखराको आन्तरिक विमानस्थलमा यात्रीहरूलाई दिउँसो मात्रै सेवा दिन सकिएको भन्दै अब रातमा पनि पोखराबाट आन्तरिक उडान हुने भएकाले पोखराको जनजीवनलाई रातमा पनि चलायमान गर्न सकिने उनको तर्क छ । यसैकारण पोखराको पर्यटनसहित सामाजिक विकासमा दिने बहुआयामिक लाभलाई हेरेरमात्रै पोखरा विमानस्थलको महत्वबारे निष्कर्षमा पुग्नुपर्ने उनको भनाइ छ ।

'अन्तर्राष्ट्रिय उडान विस्तारै बढ्दै जान्छ, आजको भोलि हुँदैन, सरकारले प्रवर्द्धन गर्नुपऱ्यो', उनी भन्छन्, 'अहिलेको अवस्थामा यो विमानस्थलबाट उठेको पैसाले नै सबै दायित्व तिर्न सकिन्छ जस्तो त मलाई लाग्दैन, तर विमानस्थललाई दिगो रुपमा चलाएर आर्थिक लाभ बटुल्न प्राधिकरणसहित सरकारका तर्फबाट योजना बनाउनुपर्छ ।'

चिनियाँ ऋणको पासोबारे जानकार रहेका गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन समारोहबाटै विमानस्थलको ऋणलाई अनुदानमा परिणत गर्न आग्रह गरे ।

'यो विमानस्थललाई नियमित सञ्चालनको वातावरण बनाउनुपऱ्यो, भारतसँग करा गरेर सहजीकरण गर्नुपऱ्यो', उनले भने, 'विमानस्थलबाट भारत, अरब, मलेसिया लगायतका मुलुक जान पाउनुपर्छ । युरोप अमेरिका दोस्रो चरणमा होला । तर, एसियाली मुलुकमा यही विमानस्थलबाट आउजाउ गर्न पाउनुपर्छ ।' उनले पोखरा विमानस्थललाई दक्षिण एसिया र पश्चिम एसियासँग जोड्न सक्ने हो भने पोखरालाई पर्यटनको राजधानी बनाउन सकिने पनि बताए । प्राधिकरणका अर्का पूर्वमहानिर्देशक राजकुमार क्षेत्री पनि तत्कालै सोचिएजस्तो सोझो प्रकारले पोखरा विमानस्थललाई सजिलै चलाउन र लगानी फिर्ता गर्न गाह्रो पर्ने बताउँछन् ।

पोखरामा अन्तर्राष्ट्रिय वायुसेवा आकर्षित गर्न सरकारले विमानस्थलमा लिने विभिन्न शुल्कहरु करिब ७ वर्षसम्म छुट तथा मिनाह गर्न सक्नुपर्ने उनको भनाइ छ । त्यसका लागि सरकारले प्राधिकरणलाई आवश्यक सहुलियत र सुविधाहरु पनि दिनुपर्ने क्षेत्री बताउँछन् । 'प्राधिकरण, सरकार र पोखराका पर्यटन व्यवसायी बसेर ठोस छलफल गरेर योजना बनाउन सके मात्रै पोखरा विमानस्थल चलेर व्यावसायिक सफलता हासिल गर्छ,' उनी भन्छन्,'अब श्रम गन्तव्य मुलुकमा हुने उडानलाई प्रवर्द्धन गर्न पोखरामै श्रम स्वीकृति, बिमा, भिसा सेन्टर, अभिमुखीकरण कक्षादेखि मेनपावर र टिकेटिङ कम्पनीको सुविधासम्म विस्तार गर्न सक्नुपर्छ ।'

(स्रोत: अनलाइनखबर)

हवाई इन्धनको मूल्यमा आयल निगमको कालोबजारी !

काठमाडौं/नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले आइतबार एक कार्यक्रममा नेपाल आयल निगमले हवाई इन्धनमा ठूलो नाफा लिएको आरोप लगाए ।

हवाई इन्धनमा लिटर मै ९० रुपैयाँ नाफा लिँदा दुर्गमको हवाई भाडा बढेर सर्वसाधारण मारमा परेको उनको भनाइ छ ।

'हुम्ला, जुम्लामा यात्रा गर्ने यात्रीहरुले हवाई भाडाकै लागि एक रोपनी जग्गा बिक्री गर्नुपर्ने अवस्था छ', एभिएसन भिट कार्यक्रममा अधिकारीले भने, 'घर आउन जान ३० हजार रुपैयाँ खर्च हुन्छ । विचरा कर्णालीका जनताहरु भारत पसेर हुन्छ कि यार्सागुम्बा बेचेर हुन्छ जहाजको भाडा तिर्न बाध्य छन् ।' हुम्ला, जुम्ला, कालीकोट जान जनतालाई निकै महँगो परेको भन्दै अधिकारील आयल निगमले हवाइ इन्धनको मूल्य तत्कालै घटाउनुपर्ने धारणा राखे ।

नेपाल आयल निगमले गत १ पुसदेखि आन्तरिकतर्फको हवाई इन्धनको बिक्री मूल्य प्रतिलिटर १९० रुपैयाँ लिँदै आएको छ । अन्तर्राष्ट्रियतर्फको मूल्य प्रतिलिटर २१७ रुपैयाँ ३२ पैसा अर्थात् १.६४५ डलर कायम गरेको छ ।

आन्तरिकतर्फको हवाई इन्धनमा निगमलाई ५२ रुपैयाँ ३४ पैसा र अन्तर्राष्ट्रियतर्फ १०३ रुपैयाँ ७८ पैसा नाफा छ । अथात हवाई इन्धन बेच्दा निगमले १५ दिनमा एक अर्ब ५० करोड भन्दा बढी नाफा कमाइरहेको छ ।

एयरलाइन अपरेटर्स एशोसिएशन अफ नेपाल (आयेल) ले आयल निगमले हवाई यात्रुमाथि अत्याचार गरेको आरोप लगाएको छ । महासचिव मनोज कार्कीका अनुसार आन्तरिक हवाई उडानको टिकट मूल्यको ३३ देखि ४० प्रतिशत लागत इन्धनको मूल्यका आधारमा तय हुन्छ ।

कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ अनुसार कुनै पनि वस्तुमा २० प्रतिशत भन्दा बढी नाफा राख्न निषेध छ । कार्की आयल निगमले नै हवाई इन्धनमा २० प्रतिशत भन्दा बढी मुनाफा लिएर कालोबजारी गरिरहेको आरोप लगाउँछन् ।

हवाई यात्रा सौखिन र उच्च वर्गको मात्रै हो भन्ने बुझाइ गलत भएको भन्दै आयोनले उच्च मिहाली र दुर्गम पहाडी जनताले निगमको मूल्य प्रणालीकै कारण आवतजावत गर्न नसक्ने स्थिति आएको बताए । आयल निगमले १० रुपैयाँ मात्रै इन्धन भाडा घटाउँदा हुम्लाको सिमकोटसम्मको हवाइ टिकट ४०० रुपैयाँसम्म सस्तो हुने एयरलाइन अपरेटर्स एशोसिएशनले जनाएको छ ।

'निगमलाई औक्षसतमा कुल मिलाएर ७६ रुपैयाँ प्रतिलिटर नाफा छ', महासचिव कार्कीले भने 'मूल्य घटाउँदा यात्रुलाई कति राहत हुन्छ अब त्यसबारे सोच्नुपर्छ ।' निजी कम्पनीले २० प्रतिशत नाफा लिँदा डण्डा चलाउने सरकार आयल निगमले लिँदा पनि चुप बसेको कार्की बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

आगामी तीन दिन अत्याधिक चिसो बढ्ने, सावधानी अपनाउन विज्ञको आग्रह

काठमाडौं/आगामी तीन दिन देशभर अत्याधिक चिसो बढ्ने भन्दै बिहानको समयमा बाहिरी चहलपहल कम गर्न विज्ञहरुले सुझाव दिएका छन् । विज्ञहरुले पश्चिमी वायुको प्रभावका कारण तराई र केही पहाडी क्षेत्रमा मौसम प्रतिकुल देखिएको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरेका हुन् ।

पछिल्लो केही दिन यता देशभर बाक्लो हुस्सु लाग्ने चिसोको उत्तारचढाव भइरहेको छ । आगामी तीन दिनसम्म देशका अधिकांश स्थानमा सितलहरको सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउन विज्ञहरुको सुझाव छ ।

जलवायु तथा विपद् विज्ञ डा.धर्मराज उप्रेतीले पश्चिमी वायुका कारण चिसो बढिरहेको बताए । उनले आजदेखि तीन दिनसम्म देशको अधिकांश भागमा सितलहरको सम्भावना रहेको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरे ।

उनले अबका केही दिनमा चिसो अत्याधिक बढ्ने भन्दै बालबालिका, वृद्धवृद्धा, दिर्घरोगी, मुटुका रोगीहरुले बिहानको समयमा घरबाहिर निस्किनु उचित नहुने बताए । उनले पश्चिम बंगालमा सिर्जना भएको न्युन चापिय अवस्था र पश्चिमी वायुको प्रभावका कारण तुँवालो लाग्ने, चिसो बढ्ने, हिमपात हुने सम्भावना रहेको पनि बताए । उनले मर्निङ वाकमा सकेसम्म चिसोको बेलामा नजाने, सकेसम्म कोठामा नै योगाभ्यास गर्नुपर्ने बताए ।

उनले फोक्सोको क्यानसरदेखि श्वासप्रश्वासमा समस्या, मुटुका बिरामीहरुमा समस्या र बालबालिका र वृद्धवृद्धामा चिसोको असर बढी हुने बताउनु भयो । जलवायुविज्ञ उप्रेतीले जनवरी, फ्रेब्रुअरी र मार्चमा न्युनतम तापक्रम औसत भन्दा तल हुने र वर्षा पनि कम हुने बताए । उनले हिउँदामा वर्षा कम र चिसो बढी भएको खण्डमा यसको सबैभन्दा बढी असर वायुप्रदुषणमा पर्ने बताए ।

उनले भने, 'पछिल्लो समय एकपछि अर्को पश्चिमी वायुका कारण चिसो बढेको छ । पश्चिमी क्षेत्रबाट प्रवेश गरेको वायुले नेपालको तराई क्षेत्रमा र पहाडी क्षेत्रमा पनि केही हिमालभन्दा माथि जान्छ, केही हिमाल भन्दा तल जान्छ । अहिलेको परिस्थितिमा उत्तरबाट हावा पश्चिम हुँदै दक्षिणतिर बहिरहेको छ । जसकारण हिमालको चिसो हावा तल आइरहेको छ ।

(स्रोत: रातोपाटी)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

सूचना ! सूचना ! सूचना !

प्रकाशित मिति:२०७९/०९/१८

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.(तत्कालिन कश्यप साकोस/टोल बिकास साकोस/स्वाभिमान नेपाल साकोस/नव सिद्धार्थ साकोस)बाट देहाय बमोजिमका शेयर सदस्यहरुले बिभिन्न मितिमा संस्थाको कार्यालयमा उपस्थित भई लिईएको कर्जा रकमको तिर्न बुझाउनु पर्ने सांवा ब्याज रकम बुझाउनु पर्नेमा उक्त रकम बुझाउन पटक पटक टेलिफोन र पत्राचारबाट जानकारी गराउदाँ पनि अटेर गरि कर्जा रकमको सांवा ब्याज रकम नबुझाउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ , सुचना प्रकाशित भएके मितिले ३५ दिन भित्र संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण सांवा ब्याज रकम बुझाउनु होला, अन्यथा कर्जा उपलब्ध गराउँदा धन जमानीको रुपमा बस्ने धन जमानीहरुको समेत तिन पुस्ते बिबरण प्रकाशित गर्ने निर्णय भएको हुदाँ धन जमानी बस्ने आदरणीय महानुभावहरुले समेत कर्जाको सावाँ ब्याँज रकम बुझाउन आवश्यक पहल गरिदिनु हुन धन जमानी बस्ने सबैका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै यो सुचना प्रकाशित हुदाँ पनि आलटाल गरि कार्यालयमा सम्पर्क नगरेमा सहकारी ऐन २०७४ अनुसार कारवाही प्रकृया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

१.ऋणीको नामथर :- हरि बहादुर भुजेल
बाबुको नाम :- अन बहादुर भुजेल
बाजेको नाम :- लाल बहादुर भुजेल
ऋणीको ठेगाना :- जिल्ला :- धनुषा गा.वि.स.:- यज्ञभुमि वडा नं.: ३
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं ४ पारिजातपथ
ऋण लिएको मिति :- २०७२।१२।०३
भाका नाघेको मिति:- २०७३।१२।०३

२.ऋणीको नामथर :- मुकुन्द बहादुर श्रेष्ठ
बाबुको नाम :- पुर्ण बहादुर श्रेष्ठ
बाजेको नाम :- अन्त नारायण श्रेष्ठ
ऋणीको ठेगाना :- हेटौंडा २ चौकीटोल
ऋण लिएको मिति :- २०६७।१२।३०
भाका नाघेको मिति:- २०६८।१२।३०

३. ऋणीको नामथर :- रमेश पुडासैनी
बाबुको नाम :- शिबराम पडासैनी
बाजेको नाम :- मुक्तिनाथ पुडासैनी
ऋणीको ठेगाना :- हेटौंडा-७
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं.४ चिसापानी
ऋण लिएको मिति :- २०७३।०२।३०
भाका नाघेको मिति :- २०७४।०२।३०

४.ऋणीको नामथर :- रचना कार्की
बाबुको नाम :- कृष्ण बहादुर कार्की
बाजेको नाम :- चन्द्र बहादुर कार्की
श्रीमानको नाम :- सुजन कार्की
ऋणीको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. ८
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. ११ नवलपुर
ऋण लिएको मिति :- २०७०।११।१३
भाका नाघेको मिति :- २०७१।११।१३

५.ऋणीको नामथर :- अर्जुन बिश्वकर्मा
बाबुको नाम :- टिकाराम कामी
बाजेको नाम :- कृष्ण बहादुर कामी
ऋणीको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. ४
ऋण लिएको मिति :- २०७२।०३।१८
भाका नाघेको मिति :- २०७३।०३।१८

६.ऋणीको नामथर :- प्रबिन कुमार नेपाली
बाबुको नाम :- राजन कुमार दर्जी
बाजेको नाम :- राम भक्त नेपाली दर्जी
ऋणीको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. ११ नवलपुर
ऋण लिएको मिति :- २०७२।०३।०७
भाका नाघेको मिति :-२०७३।०३।०७

७.ऋणीको नामथर :- सिता जोशी
ससुराकोको नाम :- प्रकाश जोशी
श्रीमानको नाम :- रुपेश कुमार जोशी
ऋणीको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं.२ शान्तिटोल
ऋण लिएको मिति :- २०६७।०७।१६
भाका नाघेको मिति:-२०६९।०१।१६

८.ऋणीको नामथर :- राम बहादुर श्रेष्ठ
बाबुको नाम :- जगत बहादुर श्रेष्ठ
बाजेको नाम :- रत्नमान श्रेष्ठ
ऋणीको ठेगाना :- चितवन वडा नं. ६
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं ४ हुप्राचौर
ऋण लिएको मिति :-२०६८।०४।३
भाका नाघेको मिति :-२०६९।०४।०३

९.ऋणीको नामथर :- प्रमोद श्रेष्ठ
बाबुको नाम :- पुर्ण बहादुर श्रेष्ठ
श्रीमती :- सुनिता कुमारी लामा
ऋणीको ठेगाना :- बारा अमलेखगञ्ज ३
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं ४
ऋण लिएको मिति :- २०७१।१२।२५
भाका नाघेको मिति :- २०७२।१२।२५

१०.ऋणीको नामथर :- लक्ष्मण थिङ्ग
बाबुको नाम :- सिह बहादुर थिङ्ग
बाजेको नाम :- देवन बहादुर थिङ्ग
ऋणीको ठेगाना :- छत्तिवन वडा नं.८
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. ५
ऋण लिएको मिति :- २०६८।०६।०५
भाका नाघेको मिति :-२०७०।०६।०५

११.ऋणीको नामथर :- हरि कृष्ण पुडासैनी
बाबुको नाम :- चन्द्र बहादुर पुडासैनी
बाजेको नाम :- लोक बहादुर पुडासैनी
ऋणीको ठेगाना :- बसामाडी वडा नं. ५
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालीका वडा नं. ३ बसामाडी
ऋण लिएको मिति :- २०७४।०३।३१
भाका नाघेको मिति :- २०७४।०६।३०

११.ऋणीको नामथर :- रबिका श्रेष्ठ
बाबुको नाम :- कृष्णलाल खडके
बाजेको नाम :- कृष्ण कुमार श्रेष्ठ
श्रीमानको नाम :- जितेन्द्र कुमार श्रेष्ठ
ऋणीको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं १०
ऋण लिएको मिति :- २०७१।०६।१०
भाका नाघेको मिति :- २०७२।०६।१०

१३.ऋणीको नामथर :- लक्ष्मी बानियाँ
बाबुको नाम :- समशेर बहादुर बानियाँ
बाजेको नाम :- गरुण बहादुर बानियाँ
ऋणीको ठेगाना :- बारा डुम्मरवाना वडा नं. ८
हालको ठेगाना :- हेटौंडा उपमहानगरपालिका वडा नं. १०
ऋण लिएको मिति :- २०७२।०७।३०
भाका नाघेको मिति :- २०७३।०७।३०

पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड
हेटौंडा-२ सिद्धार्थपथ
फोन नं. ०५७-५२६३७०, ०५७-५२६४९३

मकवानपुरगढीका गाईमा देखियो 'लम्पी स्कीन' रोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरगढी गाउँपालिकाभित्र गाईहरुमा नयाँ रोक देखिएको पशु चिकित्सकहरुले पत्ता लगाएका छन् ।

मकवानपुरगढी-३ मा पालिएका गाईहरुमा भाईसरबाट लाग्ने 'लम्पी स्कीन' रोग पुष्टि भएको गाउँपालिकाको पशुपन्छी विकास शाखाले जानकारी दिएको छ । स्थानीय मधुसुदन दाहालको लक्ष्मी नारायनन बहुद्देश्यीय कृषि फर्मका ८ वटा गाईहरुको स्वाब संकलन गरी केन्द्रीय पशुपंन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौं पठाइएकोमा ३ वटा गाईमा रोग पुष्टी भएको पालिकाको पशुपंन्छी विकास शाखा प्रमुख सत्यनाराण साहले जानकारी दिएका छन् ।

राईमा देखिएको रोग बारे गाउँपालिकाले पशुपालक किसानहरुसँग अर्न्तक्रिया गरेको छ । अर्न्तक्रियामा गाईमा देखिएको 'लम्पी स्कीन' रोगबाट बच्ने उपाय, रोग निधानका उपाय, गाईहरुमा गरिने उपचारलगायतका विषयमा जानकारी दिइएको थियो । मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान्ले किसानहरुलाई नआत्तिन आग्रह गरेका छन् । 'लम्पी स्कीन' रोग लाग्दा पशुमा १ सय ४ देखि १ सय ५ फरेन्टहाई सम्म उच्च

ज्वरो आउने, उत्पादन घट्ने, वजन घट्ने, शरिरमा फोकाफोका आउने, ञ्याल सिंगान बगाउने जस्ता लक्षण देखिएको छ । रोकबाट पशु मृत्यु दर भने कम हुने र खास उपचार नभएपनि यी लक्षण देखिएमा नजिकको पशु प्राविधिकलाई सम्पर्क गर्न र कृषकलाई विशेष सावधानी अपनाउन पशु शाखा प्रमुख साहले आग्रह गरे ।

एउटा पशुमा लागेको रोग अर्को पशुमा सर्न नदिनका लागि रोगी पशुलाई कम्तीमा १५ दिनसम्म छुट्टै राख्ने, , गोठमा लाम्बुटुटे, झिंगा नियन्त्रण गर्न, भिरकोन स्प्रे गर्न कृषकहरुलाई अनुरोध गरिएको छ । 'लम्पी स्कीन' रोग मानिसमा नसर्ने भएकाले रोग लागेको पशुको दुधलाई राम्रोसँग उमालेर पिउन सकिने शाखा प्रमुख साहको भनाई छ । गाउँपालिका अध्यक्ष स्याङतानले अब एकद्धार प्रणालीबाट रोग निधान गर्दै नि:शुल्क उपचारको व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उनले दुग्ध सहकारीहरुलाई किसान सचेतनाका कार्यक्रम गर्न अनुरोधसमेत गरे ।

किसानहरुसँगको अर्न्तक्रिया कार्यक्रममा ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरेले सबै कृषकहरुले पशु बिमामा जोड दिन आग्रह गरेका छन् । उनले पालिकालेसमेत उपचारमा आवश्यक बजेट छुट्याएर तीव्र गतिमा उपचार गरेमा थोरै ठाउँमा रोग देखिएकोले नियन्त्रण गर्न सकिने बताए । पालिकाले शनिबार बाट औषधि सहितप्राविधिक टोली परिचालन गरेको पशुपन्छी शाखा प्रमुख साहले जानकारी दिए । कार्यक्रममा मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुन प्रसाद दाहाल, श्रमिक साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्साल, ध्रमिले कृषि सहकारी संस्थाका अध्यक्ष नवराज संन्जेल लगायतको उपस्थिति थियो ।

हेटौंडा डान्सबारमा चक्कु प्रहार, तीन जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट करिब २ सय मिटर नजिक रहेको हेटौंडा डान्सबारमा आइतबार बिहान युवाहरुबीच हतियार प्रयोग गरेर कुटपिट भएको छ ।

आइतबार बिहान १ बजेको समयमा हेटौंडा-१०, स्थित बसपार्क नजिकको डान्सबारमा युवाहरु र डान्सबारका सञ्चालक र कर्मचारीबीच झडप भएको हो । झगडा पनि डान्सबारमा बिल तिर्ने क्रममा विवाद भएपछि सुरु भएको प्रहरीले जानकारी दिएको छ । विवाद हुँदा युवाहरुको समूहले सञ्चालक र कर्मचारीमाथि चक्कु प्रहार गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । हेटौंडामै चुक्का प्रहार बाट एक जनालाई घाइते बनाएको घटना सेलाउन नपाउँदै अर्को चक्कु प्रहारको घटना दोहोरिएको हो ।

डान्सबारमा मादक पदार्थ सेवन गरेर केही युवाहरुले चक्कु प्रहार गर्दा होटलका सञ्चालक सहित तीन जना घाइते भएको मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । प्रहरीले धारिलो हतियार प्रहार गर्ने चार जना युवाहरुलाई नियन्त्रणमा लिई हिरासतमा राखेर घटना बारे थप अनुसन्धान गरेको छ । घटनामा संलग्न भएको आरोपमा १० नम्बर वडा बसपार्क बस्ने ३७ वर्षीय बिक्रम श्रेष्ठ, आनन्द टोल बस्ने ४१ वर्षीय बिष्णुलाल योञ्जन, सोही स्थानका ३१ वर्षीय निमा योञ्जन र हेटौंडा-१ बस्ने ४० वर्षका सुरेश महर्जनलाई पक्राउ परेका छन् ।

उनीहरुले मादक पदार्थ सेवन गरेर डान्सबारमा बिल तिर्ने क्रममा झगडा भई कुटपिट गर्दा सञ्चालक र कर्मचारी घाइते भएको र उनीहरुको साथबाट एक थान चक्कु बरामद गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । धारिलो हतियार (चक्कु) प्रहारबाट डान्सबारका संचालक हेटौंडा-१ बस्ने ४० वर्षीय सञ्जय लामा घाइते भएका छन् । उनको निधारमा चोट लागेको र उपचारपछि ५ वटा टाँका लगाइएको डिएसपी कार्कीले जानकारी दिए । डान्सबारका

कर्मचारी हेटौंडा-४ बस्ने २४ वर्षीय विजयकुमार मोक्तान घाइते भएका छन् । उनको नाक र ओठमा धारिलो हतियारले काटेको जस्तो र हेको र १७ वटा टाँका लगाइएको डिएसपी कार्कीले जानकारी दिए ।

अर्को कर्मचारी हेटौंडा-४ बस्ने २८ वर्षीय रोशन श्रेष्ठ पनि घाइते भएका छन् । उनको टाउकोमा चोट लागेको छ । हेटौंडामा पछिल्लो समय अपराधिक घटनाहरु निरन्तर बढेका छन् । जानकारहरुका अनुसार राजनीतिक संरक्षणको आधारमा अपराधिक क्रियाकलापहरु बढेका हुन् । केही महिनाअघि हेटौंडा-८, कमानेकी एक युवतीमाथि एक युवकले चक्कु प्रहार गरेका थिए । आरोपित युवक जिल्ला अदालतको आदेशपछि धरौटीमा रिहा भएका थिए । महिला अधिकारकर्मीहरुले धरौटीमा रिहा भएपछि पीडित युवती थप त्रासमा रहेको बताएका छन् ।

केही दिनअघि हेटौंडा-२, मानस चोक नजिक उच्च अदालत पाटन हेटौंडा इजलाश र आर्थिक मामिला तथा योजना मन्त्रालय अगाडि ५ नम्बर वडा बस्ने डानियल न्यौपानेमाथि पनि चक्कु प्रहार भएको थियो । उनको पेट र पाखुरामा गरेर करिब आधा दर्जन चक्कु प्रहार भएको थियो । घटनामा संलग्न भएको आरोपमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ भने एक जनालाई पक्राउ गरिएको छैन् । पीडित न्यौपानेले राजनीतिक संरक्षण पाएकै कारण प्रहरीले एक जनालाई पक्राउ गर्न नसकेको पत्रकार सम्मेलन गरेर गुनासो गरेका थिए । राजनीतिक संरक्षणमा हुने अपराधिक क्रियाकलापप्रति प्रहरी गम्भिर नबन्दा आममानिस माथि असुरक्ष बढेको घटनाका पीडितदेखि नागरिहरु बताउँछन् ।

बागमतीका सांसदलाई कस्तो हुन्छ सेवा सुविधा ?

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ बागमती प्रदेशसभाले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकाल आरम्भ गर्दैछ । प्रदेश प्रमुख यादव चन्द्र शर्माले आज सोमबारदेखि आह्वान गरेको प्रदेशसभाको ११ औं अधिवेशनबाट प्रदेशसभाले औपचारिक रुपमा दोस्रो कार्यकाल सुरु गर्दैछ ।

४ मंसिरमा भएको प्रदेशसभा निर्वाचनबाट प्रदेशसभाको दोस्रो कार्यकालका लागि १ सय १० प्रदेशसभा सदस्यहरु चयन भइसकेका छन् । उनीहरुलाई प्रदेशसभाका अध्यक्ष राम प्रसाद ढुंगानले यसअघि नै पद तथा गोपनीयताको सपथ गराइसकेका छन् । अब बस्ने अधिवेशनको सभामुख, उपसभामुखसँगै बागमती प्रदेशको चौथो मुख्यमन्त्री चयन गर्दछ ।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा प्रदेशसभा सदस्यले शपथ ग्रहण गरेकै दिनदेखि सेवा सुविधा पाउने व्यवस्था गरिएको छ ।

प्रदेशसभाका सदस्यहरुले तोकिए बमोजिमको सेवा सुविधाहरु पाउने व्यावस्था गरिएको हो । त्यस भन्दा बाहेक सेवा सुविधा पाउने छैनन् । १ सय १० सदस्यीय बागमती प्रदेशसभामा सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, दलको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समिति सभापतिहरु पदाधिकारी हुने व्यवस्था छ । प्रदेशसभामा पदाधिकारी र प्रदेशसभा सदस्यहरुको सेवा सुविधा फरक-फरक रहेको प्रदेशसभा सचिवालयले जनाएको छ । पदाधिकारीलाई धेरै सेवा सुविधा र अरुलाई कम सुविधा रहेको छ ।

प्रदेशसभामा ७ वटा दलको प्रतिनिधित्व छ । जसमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा (एकीकृत समाजवादी), नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र हाम्रो नेपाली पार्टी रहेका छन् । प्रदेशमा ३७ सिटसहित कांग्रेस सबैभन्दा ठूलो दल हो । प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट एमालेले २७, माओवादी केन्द्रले २१, राप्रपाले १३, एकीकृत समाजवादीले ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीले २ सिट जितेको छ । सोही अनुसार दलहरुले प्रदेशसभाबाट सेवा तथा सुविधा प्राप्त गर्नेछन् । ठूला दलहरुले संसदीय दलको नेता चयन गरेका छन् भने सचेतकदलगायतका पदहरुमा चयन हुन बाँकी रहेको छ ।

दलको नेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरु छनौटमा दलहरुको सक्रियाता बढेको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको नेता, सचेतकलगायतका पदाधिकारी र सदस्यहरुको सेवा सुविधाको विषयमा आमनागरिकमा चासो देखिएको छ । प्रदेशसभा सदस्यहरुले शपथ ग्रहण गरेकै दिनदेखि मासिक पारिश्रमिक ५२ हजार २ सय रुपैयाँ पाउने प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभा वा समितिको बैठकमा भाग लिए बापत प्रति दिन बैठक भत्ता १ हजार र यातायात खर्च बापत १ हजार पाउने व्यवस्था रहेको छ ।

यसबाहेक प्रदेशसभा सदस्यले सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) बापत मासिक १ हजार ५ सय, आवास सुविधा वापत प्रति महिना १५ हजार, पाँच वर्षको अवधिमा एक पटक फर्निचर एकमुष्ट ५० हजार, स्वदेशमा प्रदेशसभाको काममा भ्रमण गर्दा दैनिक २ हजार, विदेश भ्रमण गर्दा प्रतिदिन अमेरिकन डलर १ सय पचहत्तर र यात्रा विमा वापत प्रति यात्रा १० लाखको विमा हुने व्यवस्था छ । यसका अतिरिक्त प्रदेशसभा सदस्यको सचिवालय व्यवस्थापन गर्न नायब सुब्बा सरहका एक जना स्वकीय सचिव राख्न पाउँनेछन् । निजको पारिश्रमिक मासिक ३४ हजार ७ सय ३० रुपैयाँ रहेने सचिवालयले जानकारी दिएको छ ।

राक्सिराङका दुई सय चेपाङ परिवारलाई न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/गरिबीको रेखामुनी रहेका राक्सिराङ गाउँपालिकाको २ सय १ चेपाङ परिवारलाई चिसोमा न्यानो कपडा सहयोग गरिएको छ ।

राक्सिराङ गाउँपालिका कार्यालयको पहलमा सञ्जय साई सेवा अर्गनाइजेशन काठमाडौंले चेपाङहरुलाई न्यानो कपडा कम्बल सहयोग गरेको हो । चिसो मौसममा कष्टकर जीवनयापन गर्न बाध्य चेपाङ परिवारले न्यानो कपडा पाएपछि खुशी भएका छन् । विकट राक्सिराङमा चेपाङ र तामाङ समुदायको बाक्लो बसोबास रहेको छ । वर्षको करिब ४ महिना खडेरी लाग्ने राक्सिरामा अधिकांश चेपाङ गरिबीको रेखामुनी रहेका छन् । गाउँपालिकाको ९ नम्बर वडाका २ सय १ विपन्न चेपाङ परिवारलाई आइतबार कम्बल वितरण गरिएको पालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए ।

जाडो मौसममा ओढ्नेको अभावमा चिसोमा रात काट्न बाध्य चेपाङ समुदायलाई राहत होस् भनी गाउँपालिकाको पहलमा सञ्जय साई सेवा अर्गनाइजेशन काठमाडौंले प्रति परिवार एउटा कम्बल सहयोग गरेको मल्लले बताए । सञ्जय साई बाबाको ३५ औं दिव्य अवतार महोत्सवको अवसरमा राक्सिराङ गाउँपालिकासँगको समन्वयमा अर्गनाइजेशनले विपन्न चेपाङलाई कम्बल सहयोग गरेको हो । सहयोग कार्यक्रममा राक्सिराङ ९ का वडाध्यक्ष रामकुमार वाल्पासहित अर्गनाइजेशनका केशव अधिकारी, सीताराम रिमाल, रिता अधिकारी लगायतले परिवारलाई कम्बल वितरण गरेका थिए ।

मनहरी ओपन स्काउटका रोभर रेन्जर दिक्षित

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/मनहरी ओपन स्काउट क्रयुद्वारा आयोजना गरिएको २ दिने तालिम क्याम्प तथा दिक्षान्त समारोह सम्पन्न भएको छ ।

कार्यक्रम मनहरी गाउपालिकाकी उपप्रमुख सिता पुलामी मगरको प्रमुख आतिथ्यता तथा क्याम्प चिफ एव् रोभर लिडर महेन्द्र राना मगरको सभाध्यक्षतामा भएको हो । व्यवहारिक ज्ञान र जीवन उपयोगी सिपको प्रयोगात्मक अभ्यासको रुपमा विभिन्न साहसिक क्रियाकलापको लागि आवाश्यक बेसहरु निर्माण, प्रकोपको समयमा हुने उद्दारको प्रयोगात्मक अभ्यास र पायोनियरिङ सिपहरु प्रदान गरिएको थियो । दुई दिनसम्म संचालन भएको यस तालिम क्याम्पमा रोभर लिडर अशोक सारु मगर, महेन्द्र राना, सुमित्रा लामा, रुपेश थपलिया र इश्वर लामिछानले विभिन्न विषयमा तालिम प्रदान गरेका थिए ।

तालिम समापन कार्यक्रमको अवसरमा आफ्नो मापदण्ड पुरा गरेका दोश्रो तहमा दिक्षित १९ जना रोभर रेन्जरहरुलाई ओहोदाको स्क्वायर वायव प्रदान गरिएको थियो । समापन कार्यक्रममा युनिभर्सल लर्निङ एकेडेमीका अध्यक्ष, शिवकुमार रिजाल, हेटौंडा उपमहानगरपालिका संयोजक दिपेन्द्र रोक्का, मनहरी गाउँपालिकाको संयोजक अन्नत पौडेल, स्काउटर अनिल आचार्य, सफिरा रोक्का, सुजन अर्याल साथै हेटौडा ओपन क्रयूका रोभर रेन्जर महेन्द्र किरण, रोटरी स्काउट टृपका स्काउटहरु समेत सहभागिता रहेको थियो ।

सितु बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-१, भिन्तुनापथ

सवारी साधन लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आव्हानको सूचना नं. २ (लिलाम)

सूचना प्रकाशन मिति :- २०७९/०९/१८ गते

यस सितु बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा १ भिन्तुनापथ ले जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं ५ सानोपोखरा स्थायी ठेगाना भएका **गोविन्द प्रसाद रुपाखेतीको नाती एक प्रसाद रुपाखेतीको छोरा श्री पुरुषोत्तम रुपाखेती**ले हायर पंचेज कर्जा अन्तर्गत धनी सितु वचत तथा ऋण सहकारी संस्था (ऋणी पुरुषोत्तम रुपाखेती) भई नारायणी अंचल यातायात व्यबस्था कार्यालय बीरगंजमा दर्ता कायम रहेको ईन्जिन नं.९०G६७७८४च्यासिस नं. MAT३९६००९G१०७४ मोडेल नं. LPT२५१६TC/४८ कायम भएको ना.४ख १२३९ को १० चक्के टाटाट्रक एक थान धितो राखी मिति २०७४/०८/११ गते मा रु ६,००,०००/- अक्षेरेपी रुपैया छ लाख मात्र लिनु भएकोमा तोकिएको म्यादभित्र सावा व्याज नबुझाउनु भएकोले कर्जा चुक्ता गर्न वारम्बार मौखिक, लिखित पत्राचार गर्दा समेत सम्पर्कमा नआउनु भएकोले स्थानीय साझाकुरा राष्ट्रिय दैनिकमा ३५ दिने, १५ दिने, ७ दिने, ३ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआउनु भएकोले संस्थाको ऋण लगानी असुल उपर गर्न धितो राखिएको ट्रक लिलाम विकी गर्ने प्रयोजनको लागि जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम गर्न न्युनतम मूल्य रु. ७,००,०००/- (रु. सात लाख मात्र) कायम गरी यो लिलाम विक्रीको शिलबन्दी वोलपत्र आव्हानको ७ दिने सूचना प्रकाशित गरिएको छ । सो संग सम्बन्धित अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

लिलाम विकी हुने सवारी साधनको विवरण :-

नारायणी अंचल यातायात व्यबस्था कार्यालय बीरगंजमा दर्ता कायम रहेको ईन्जिन नं.९०G६७७८४च्यासिस नं.:MAT३९६००९G१०७४ मोडेल नं. LPT२५१६TC/४८ कायम भएको ना.४ख १२३९ को १० चक्के टाटा ट्रक एक थान

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:

९८४५२९०३९१, ९८५५०८५३९१

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यलय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

सूचना ! सूचना ! सूचना !

सूचना प्रकाशित मिति : २०७९/०९/१८

हेटौंडा उपमहानगरपालिका कार्यालयको संघीय सरकारबाट हस्तारन्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान वायोग्यास कार्यक्रम यस उपमहानगरपालिका भित्र संचालन गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा इच्छुक यस कार्यालयमा सूचिकृत वायोग्यास कम्पनीलाई प्रस्ताव पेश गर्न सुचित गरिन्छ ।

सादर आमन्त्रण



स्व. ठेकनाथ सापकोटा

जन्म: १९९१/५/१४

स्वर्गारोहण: २०७९/९/९

हाम्रा प्रात:स्मरणीय एवम् पूजनीय पिता **टेकनाथ सापकोटा**ज्यूको दुःखद् निधन भएकोमा मर्माहत् हुँदै उहाँको दिवंगत आत्माको चीरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । पिताश्रीको पार्थिव शरिर अन्तिम दाहसंस्कारमा पाल्नुभई एवम् समवेदना व्यक्त गर्नुभई सान्त्वना प्रदान गर्नुभएकोमा कृतज्ञ हुँदै **१३ औं दिनको पुण्यतिथिमा** निम्न मिति, समय र स्थानमा पितृप्रसाद ग्रहणको लागि यहाँलाई सादर आमन्त्रण गर्दछौं ।

निम्न:

मिति : २०७९/९/२१,

समय : दिउँसो १:०० बजेदेखि

स्थान : निजि निवास हेटौंडा-६, भुलभुले

प्रार्थी

छोरा/बुहारी

भरत सापकोटा/दुर्गा सापकोटा/महेश्वरी सापकोटा

बलराम सापकोटा/लक्ष्मीदेवी सापकोटा

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याइकेट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अ.गा.डि)

सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाड्जोर्नि तथा नशा रोग विशेषज्ञ डा.वसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुबास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेसिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेसिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरवा टोल, हेटौंडा ।

मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

फोन न.:०५७-५२०३१५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना